दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक



हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका
प्रमुख शहरहरूमा पठाउनु परेमा
हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोनः- ०७१५४२५७१



वर्ष ३८ | अंक १६७ | बुटवल | २०८३ असार ०५ गते, शुक्रबार | नेपाल संवत ११४६ | Friday Jun 19, 2026 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini


# एमाले पुनर्गठनका लागि लुम्बिनीमा सुझाव संकलन




**लुम्बिनी संवाददाता**
*बुटवल*

नेकपा (एमाले) पुनर्गठनका लागि सुझाव संकलनका क्रममा सोमबारदेखि लुम्बिनी प्रदेशका नेता तथा कार्यकर्तासँग छलफल सुरु गरिएको छ। बिहीबार कपिलवस्तुको चन्द्रौटामा प्रदेशस्तरीय भेला सुरु भएको छ। भेलामा निर्वाचन समीक्षा र पार्टी पुनर्गठनका लागि सुझाव संकलन गरिने भएको एमालेले जनाएको छ।

भेलामा एमालेको सुझाव संकलन कार्यदलका संयोजक रामबहादुर थापा 'बादल', कार्यदलका सदस्यहरू विष्णुप्रसाद पौडेल, छविलाल विश्वकर्मा, शंकर पोखरेल, पृथ्वीसुब्बा गुरुङ र गोकर्ण विष्ट सहभागी छन्। त्यस्तै, एमालेका लुम्बिनी प्रदेशका नेता तथा कार्यकर्ता र बुद्धिजीवी उपस्थित छन्। उनीहरूसँग सुझाव लिने क्रम जारी रहेको एमालेले जनाएको छ।

यसअघि कार्यदलले कोसी प्रदेशका नेता तथा कार्यकर्तासँग सुझाव लिएको थियो। कार्यदलले सातै प्रदेशमा पुगेर सुझाव संकलन गर्ने कार्यक्रममा रहेको छ।

## कार्यदलका कुरा नसुन्नू, आफ्ना कुरा खुलेर राख्नू : ओली

बुटवल। नेकपा (एमाले) का अध्यक्ष केपी शर्मा ओलीले पार्टी पुनर्गठन सुझाव सङ्कलन कार्यदलप्रति टिप्पणी गर्दै कार्यदलको कुरा नसुनी आफ्ना धारणा खुलस्त रूपमा राख्न सहभागीहरूलाई आग्रह गरेका छन्। संयोजक उपाध्यक्ष रामबहादुर थापा बादलसहित कार्यदलका सदस्यहरु सम्मिलित कार्यक्रममा ओलीले उनीहरुको कुरा सुन्न आवश्यक नरहेको टिप्पणी गरे।

कपिलवस्तुको चन्द्रौटामा बिहीबार आयोजित लुम्बिनी प्रदेशस्तरीय सुझाव सङ्कलन कार्यक्रममा भर्चुअल माध्यमबाट सम्बोधन गर्दै अध्यक्ष ओलीले कार्यदललाई पार्टीको यथार्थ अवस्था बुझ्न पठाइएको उल्लेख गरे। उनले सहभागीहरूलाई कुनै सङ्कोच नराखी आफ्ना विचार र सुझाव राख्न आग्रह गरे।

'पार्टीले उहाँहरूलाई ग्राउन्ड रियालिटी बुझेर आउन भनेर पठाएको हो, उहाँहरूका कुरा सुन्न आवश्यक छैन, खुलेर आफ्ना कुरा राख्नुहोला।'- ओलीले भने।

कार्यक्रममा ओलीले पार्टीभित्र नेतृत्व परिवर्तनको बहस सुरु गर्ने उपयुक्त समय नभएको समेत बताए। उनले नेतृत्वको विकल्प खोज्ने बेमौसमी बहसले पार्टीलाई कमजोर बनाउने दाबी गर्दै पार्टी एकतामा केन्द्रित हुन नेता-कार्यकर्तालाई निर्देशन दिए।

'नेतृत्व परिवर्तनको बेमौसमी बहस सुरु गरेर पार्टी कमजोर बनाउने खेलमा कोही पनि लाग्नु हुँदैन। पार्टीलाई एकताबद्ध बनाउन सबै नेता-कार्यकर्ता लाग्नुहोस्। समय आएपछि नेतृत्वको बहस गरौंला।'-उनले भने। अध्यक्ष ओलीले महाधिवेशनबाट निर्वाचित नेतृत्व महाधिवेशनबाटै बिदा हुने परम्परा रहेको उल्लेख गर्दै आफूले महाधिवेशनको निर्णयबाहेक अन्य कुनै परिस्थितिमा नेतृत्व नछाड्ने अडान दोहोऱ्याए। पछिल्लो समय पार्टीभित्र नेतृत्व हस्तान्तरण, पुस्तान्तरण र भावी नेतृत्वबारे बहस चलिरहेका बेला ओलीको यो अभिव्यक्तिलाई अर्थपूर्ण रूपमा हेरिएको छ।


» बाँकी ३ पेजमा


## सडक दुर्घटना न्यूनीकरणका लागि विशेष योजना आवश्यक : मुख्यमन्त्री आचार्य



बुटवल। लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले बढ्दो सवारी दुर्घटना न्यूनीकरणका लागि विशेष योजना बनाएर प्रभावकारी कार्यान्वयन गर्नुपर्ने बताएका छन्।

लुम्बिनी प्रदेशस्तरीय ट्राफिक व्यवस्थापन समीक्षा गोष्ठी २०८३ को बिहीबार बुटवलमा उद्घाटन गर्दै मुख्यमन्त्री आचार्यले विशेषगरी मानवीय त्रुटि, लापरबाही र ट्राफिक नियमको पालना नगर्दा दुर्घटना बढिरहेको उल्लेख गर्दै दुर्घटना न्यूनीकरणकालागि विशेष योजना निर्माण गरेर कार्यान्वयन गर्नुपर्ने बताएका हुन्।

उनले सडक सुरक्षा र सुरक्षित यात्रालाई प्रदेश सरकारको प्राथमिकतामा राखिएको उल्लेख गर्दै दुर्घटना न्यूनीकरणका लागि जनचेतना अभिवृद्धि, ट्राफिक व्यवस्थापनमा सुधार, सडक पूर्वाधारको स्तरोन्नति तथा सम्बन्धित निकायबीच प्रभावकारी समन्वय आवश्यक रहेको बताए।

मुख्यमन्त्री आचार्यले सडक दुर्घटनाले ठूलो मानवीय तथा आर्थिक क्षति पुऱ्याउने भएकाले यसको रोकथामका लागि दीर्घकालीन तथा परिणाममुखी कार्यक्रम सञ्चालन गर्नुपर्नेमा जोड दिए। उनले सुरक्षित सडक र सुरक्षित यात्राको वातावरण निर्माण गर्न सबै पक्षको साझा प्रयास आवश्यक रहेको उल्लेख गरे।


» बाँकी ३ पेजमा


## निर्मला पन्त हत्या प्रकरणको सुक्ष्म अनुसन्धान भइरहेको छः गृहमन्त्री गुरुङ



बुटवल। गृहमन्त्री सुधन गुरुङले निर्मला पन्त हत्या प्रकरणलाई सरकारले उच्च प्राथमिकतामा राखेर सुक्ष्म अनुसन्धान गरिरहेको बताएका छन्। बिहीबार प्रतिनिधिसभाको बैठकमा गृह मन्त्रालयको बजेटमाथि सांसदले उठाएका प्रश्नको जवाफ दिँदै गुरुङले यस प्रकरणमा मन्त्रालय अत्यन्त संवेदनशील रहेको बताए। आफूले व्यक्तिगत रूपमा पनि गम्भीरताका साथ अनुगमन गरिरहेको उनले सुनाए।

अनुसन्धानका कतिपय प्रक्रियाहरू गोप्य राखेरै अगाडि बढाउनुपर्ने बाध्यता रहेको उल्लेख गर्दै उनले नतिजा नआएसम्म केही कुरा सार्वजनिक नगर्नु नै उपयुक्त हुने जनाए। विगतमा यस विषयलाई लिएर भएको राजनीतिकरणप्रति लक्षित गर्दै उनले एउटी बालिकाको निर्मम हत्या जस्तो संवेदनशील मुद्दामा राजनीति गरिनु दुःखद् भएको टिप्पणी गरे।

'निर्मला पन्तको विषयमा मन्त्रालय संवेदनशील छ। एक बालिकाको शवमाथि जुन प्रकारको राजनीति गरियो, त्यसको अन्त्य गर्न पनि सम्बन्धित व्यक्तिहरूको पहिचान गरी कानुनी कारबाहीका लागि हामीले सुक्ष्म अनुसन्धान अगाडि बढाएका छौं।'- गृहमन्त्री गुरुङले भने।

उनले दोषीलाई कानुनी दायरामा ल्याउन सरकार प्रतिबद्ध रहेको दोहोऱ्याउँदै अनुसन्धानलाई निष्कर्षमा पुऱ्याउन सबैको सहयोगको अपेक्षा समेत गरेका छन्।

# ११ महिनासम्म लुम्बिनीको खर्च ४७ प्रतिशत मात्रै



**लुम्बिनी संवाददाता**
*बुटवल*

लुम्बिनी प्रदेश सरकारले चालु आर्थिक वर्षको ११ महिनामा वार्षिक बजेटको ४७ दशमलव २० प्रतिशत मात्रै खर्च गर्न सकेको छ। जेठ मसान्तसम्म चालुतर्फ ५० दशमलव ६७ प्रतिशत र पुँजीगततर्फ ४४ दशमलव ९२ प्रतिशत बजेट खर्च भएको छ, जसमा आन्तरिक मामिला तथा कानुन मन्त्रालयको खर्च सबैभन्दा कम १५ दशमलव १८ प्रतिशत छ।

स्वास्थ्य मन्त्रालयले ६२ दशमलव ७७ प्रतिशत खर्च गरी सबैभन्दा बढी प्रगति गरेको छ भने प्रदेश सरकारका प्रवक्ताले कर्मचारी सरुवा, आन्दोलन र प्रशासनिक अवरोधका कारण खर्च प्रभावित भएको बताएका छन्।

चालु आर्थिक वर्षका लागि प्रदेश सरकारले पुँजीगततर्फ २३ अर्ब ४७ करोड १४ लाख ६५ हजार रुपैयाँ र चालुतर्फ १५ अर्ब ४३ करोड ८५ लाख ३५ हजार रुपैयाँ गरी कुल ३८ अर्ब ८१ करोड रुपैयाँ बजेट विनियोजन गरेको थियो। बैशाख मसान्तसम्म कुल खर्च ३९ दशमलव ९१ प्रतिशत रहेकोमा जेठ महिनामा करिब ५ प्रतिशत वृद्धि भई ४४ दशमलव ९२ प्रतिशत पुगेको हो। यद्यपि बाँकी अवधिमा ठुलो परिमाणमा पुँजीगत खर्च हुने सम्भावना न्यून रहेको अर्थविद्हरूको भनाइ छ।

प्राध्यापक तथा अर्थशास्त्री माधव पौडेलले बजेट कार्यान्वयनमा देखिएको ढिलाइ प्रदेश सरकारको पुरानै समस्या भएको बताए। उनका अनुसार वर्षभरि योजना कार्यान्वयनमा सुस्तता देखिने र आर्थिक वर्षको अन्त्यमा हतार-हतार खर्च गर्ने प्रवृत्ति कायम रहेकाले त्यसबाट अपेक्षित प्रतिफल प्राप्त हुन सक्दैन। उनले नयाँ आर्थिक वर्षको बजेट सार्वजनिक भइसकेपछि सरकारको ध्यान चालु वर्षको बजेट व्यवस्थापनभन्दा आगामी वर्षका कार्यक्रमतर्फ बढी केन्द्रित हुने गरेको उल्लेख गरे। यस्तो प्रवृत्ति संघ, प्रदेश र स्थानीय तह तीनै तहमा देखिने गरेको उनको भनाइ छ।

लुम्बिनी प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०८३/०८४ का लागि असार १ गते ३७ अर्ब ३८ करोड ४५ लाख रुपैयाँको बजेट सार्वजनिक गरिसकेको छ। उक्त बजेटमध्ये पुँजीगततर्फ २२ अर्ब ७१ करोड ६५ लाख ४० हजार रुपैयाँ तथा चालुतर्फ ११ अर्ब ११ करोड २७ लाख १० हजार रुपैयाँ विनियोजन गरिएको छ। वित्तीय व्यवस्थातर्फको रकमसमेत समावेश गरी कुल बजेट ३७ अर्ब ३८ करोड ४५ लाख रुपैयाँ पुगेको हो।

नयाँ बजेट चालु आर्थिक वर्षको तुलनामा करिब १ अर्ब ५२ करोड ५५ लाख रुपैयाँले कम हो। चालु वर्षकै बजेट कार्यान्वयन कमजोर देखिएकाले आगामी वर्षको बजेट प्रभावकारी रूपमा कार्यान्वयन गर्न प्रदेश सरकारले विशेष ध्यान दिनुपर्ने सरोकारवालाहरूको सुझाव छ।

**कुन मन्त्रालयको खर्च कति ?**

लुम्बिनी प्रदेश सरकारका १२ मन्त्रालयमध्ये अधिकांश मन्त्रालयले चालु आर्थिक वर्षको ११ महिना बितिसक्दा पनि आफ्नो बजेटको ५० प्रतिशत हिस्सासमेत खर्च गर्न सकेका छैनन्। प्रदेश लेखा नियन्त्रक कार्यालयका अनुसार केही मन्त्रालयको खर्च अवस्था निकै कमजोर देखिएको छ भने केही मन्त्रालयले तुलनात्मक रूपमा राम्रो प्रगति गरेका छन्।

सबैभन्दा कम खर्च गर्ने मन्त्रालय आन्तरिक मामिला तथा कानुन मन्त्रालय छ। यस मन्त्रालयले जेठ मसान्तसम्म जम्मा ४ करोड ६० लाख रुपैयाँ खर्च गरेको छ, जुन यसको कुल बजेटको १५.१८ प्रतिशतमात्रै हो।

त्यसपछि युवा तथा खेलकुद मन्त्रालय ले ७ करोड ३६ लाख रुपैयाँ खर्च गरेको छ, जो यस मन्त्रालयका लागि विनियोजित बजेटको १९ दशमलव १८ प्रतिशत हो। आर्थिक मामिला तथा योजना मन्त्रालयले ४८ करोड २० लाख रुपैयाँ खर्च गरी २९ दशमलव ३९ प्रतिशत बजेट कार्यान्वयन गरेको छ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले ११ महिनामा १६ करोड १० लाख रुपैयाँ खर्च गरेको छ, जुन यसको कुल बजेटको ३२ दशमलव १० प्रतिशत हो।


» बाँकी ३ पेजमा





दैनिक लुम्बिनी

## सम्पादकीय

# साइबर सुरक्षामा समस्या

कम्प्युटर र इन्टरनेटको प्रयोग गरी कसैलाई धम्क्याउने, चरित्रहत्या गर्ने र अवैध ढंगले आर्थिक लेनदेन गर्ने बढेको छ। सूचना प्रविधिको प्रयोगले मान्छेको दैनिकी सहज र छरितो भएको मात्रै छैन, यसले समाजमा नकारात्मक कामलाई समेत बल पुऱ्याएको छ।

अहिले हरेकको हात-हातमा स्मार्ट मोबाइल उपलब्ध छ। इन्टरनेटको सहज पहुँच छ। २०७८ को जनगणनाअनुसार नेपालमा ३७ प्रतिशत घरपरिवारमा इन्टरनेटको पहुँच पुगेको छ। ग्रामीण क्षेत्रमा भन्दा धेरै शहरी क्षेत्रमा इन्टरनेट प्रयोगकर्ता परिवारको संख्या धेरै छ। अझ जनगणना भएको तीन वर्ष बितिसकेको छ, यो बिचमा इन्टरनेट प्रयोगकर्ताको संख्या अझैँ धेरै छ। इन्टरनेटको विस्तार र स्मार्ट फोनको प्रयोगकर्ता बढेसँगै समाजमा नागरिकको सम्पर्क र सम्बन्ध भर्चुअल विस्तार भएको छ। भर्चुअल सम्बन्ध विस्तार हुँदा बनेका सम्बन्धको विश्वासमा पर्दा समाजमा अपराध बढेको छ। खाताबाट नै पैसा चोरी हुने, धम्क्याएर पैसा माग्ने र व्यक्तिको इज्जत प्रतिष्ठामा असर पुग्ने गरी क्रियाकलाप गर्ने प्रवृत्ति बढेको छ। लुम्बिनी प्रदेश प्रहरी कार्यालयका अनुसार, चालु आर्थिक वर्षको नौ महिनामा ६ सय २१ साइबर अपराधका उजुरी दर्ता भएका छन्। आर्थिक वर्ष २०८०/०८१ मा १ हजार ३ सय ७३ उजुरी परेका थिए। यो तथ्याङ्क हेर्दा समाजमा साइबर अपराधको ग्राफ विस्तार भइरहेको देखिन्छ।

विभिन्न सरकारी निकायको वेभसाइट नै ह्याक गरी पैसा माग्ने प्रवृत्ति बढेको छ। चिठ्ठा परेको छ, बधाई छ भन्दै प्रलोभनमा पारेर पैसा असुली गर्ने ठूलै गिरोह सक्रिय छ। बैंकबाट फोन गरेको भन्दै ओटिपी कोड मागेर खाताबाट पैसा चोर्ने गिरोह पनि उत्तिकै सक्रिय छ। घरमा पैसा राख्दा चोरी डकैती हुने जोखिम हुन्छ। ढंग नपुऱ्याउँदा अर्थात् साइबर सुरक्षामा ध्यान नदिँदा बैंकमा राखेको पैसा पनि सुरक्षित छैन। साइबर सुरक्षामा ध्यान दिँदा बैंकमा राखेको पैसा चोरी हुन सक्तैन्। साइबर अपराधका घटना बढ्न थालेपछि प्रहरीले सचेतनामूलक सन्देश प्रवाह गरिरहेको छ। नागरिकलाई सचेत हुन आग्रह गर्दै आएको छ।

सूचना प्रविधिको विकाससँगै अपराध बढ्न थालेपछि प्रहरीले साइबर अपराध व्यूरो गठन गरी अनुसन्धान अघि बढाउन थालेको छ। प्रहरी सक्रियताले मात्रै साइबर अपराध नियन्त्रण संभव छैन। साइबर अपराधलाई नियन्त्रण गर्न साइबर व्यूरोलाई साधनस्रोतले सम्पन्न बनाउनुपर्ने देखिन्छ। पर्याप्त साधन स्रोतको अभावमा प्रहरीले अनुसन्धान गरी अभियुक्तलाई कानुनी कारबाहीको दायरामा ल्याउन कठिन भइरहेको । नागरिकमा डिजिटल साक्षरता आवश्यक छ। डिजिटल सामग्री उपभोग गर्ने, तर त्यसलाई प्रयोग गर्दा ख्याल गर्नुपर्ने विषयप्रति ध्यान नदिने प्रवृत्तिले अहिले समाज साइबर अपराधीको जालोमा परेको छ । समाजमा डिजिटल साक्षरता विस्तार गर्न सके साइबर सुरक्षा जोखिम न्यूनीकरण गर्न संभव छ।

# सामान्य अंकले घट्यो सेयर बजार



काठमाडौं । बिहीबार नेपाल स्टक एक्सचेन्ज (नेप्से) परिसूचकमा झिनो गिरावट आएको छ। नेप्से परिसूचक ५.०६ अंकले घटेर २७००.४७ विन्दुमा पुगेर बन्द भएको हो।

बजारमा ३४७ कम्पनीका ७७ लाख ४३ हजार ३० कित्ता सेयर किनबेच हुँदा कुल ३ अर्ब ४१ करोड ४८ लाख रुपैयाँ बराबरको कारोबार भएको छ।

कारोबार भएका कम्पनीहरुमध्ये ७७ वटा कम्पनीको सेयर मूल्य बढेको छ भने १८१ कम्पनीको मूल्य घटेको छ। बाँकी १४ कम्पनीको सेयर मूल्य भने स्थिर रहेको देखिन्छ।

एपोलो हाइड्रोपावरको सेयर मूल्य सबैभन्दा धेरै १५ प्रतिशतले बढेको छ। त्यस्तै, सोपान हाइड्रोपावरको मूल्य १४.९९ प्रतिशत र आत्मनिर्भर लघुवित्तको मूल्य १२.५३ प्रतिशतले वृद्धि भएको छ।

कारोबार रकमका आधारमा आँखुखोला जलविद्युत् कम्पनी शीर्ष स्थानमा रह्यो। यस कम्पनीको ३१ करोड ९८ लाख ४७ हजार रुपैयाँ बराबरको सेयर कारोबार भएको छ।

त्यसैगरी, युनाइटेड मोदी हाइड्रोपावरको २३ करोड ५ लाख र सीइडीबी हाइड्रोपावरको १४ करोड ८ लाख रुपैयाँभन्दा बढीको कारोबार भएको छ।

# दलित रणनीति र स्थानीय कानुन : समावेशी समाज निर्माणको आधार



भोजेन्द्र नेपाली

नेपालको संविधानले समृद्ध, समावेशी र समाजवादउन्मुख राष्ट्र निर्माणको स्पष्ट मार्गचित्र प्रस्तुत गरेको छ। यस मार्गचित्रको मूल मर्म सामाजिक न्याय, समानता, मानव मर्यादा र सबै नागरिकको समान सहभागिता हो। तर इतिहासको लामो कालखण्डसम्म नेपाली समाजको एउटा ठूलो समुदाय जातीय विभेद, छुवाछूत, सामाजिक बहिष्करण र आर्थिक अवसरबाट वञ्चित रह्यो। यही समुदाय आज दलित समुदायका रूपमा परिचित छ। संविधानले दलित समुदायका अधिकारलाई मौलिक हकका रूपमा स्थापित गरे पनि ती अधिकारको वास्तविक कार्यान्वयन स्थानीय सरकारको प्रभावकारी नीति, रणनीति र कानुनी व्यवस्थाबाट मात्र सम्भव हुन्छ। संघीय शासन प्रणाली लागू भएपछि स्थानीय सरकार केवल पूर्वाधार निर्माण गर्ने निकाय मात्र होइन, सामाजिक रूपान्तरणको नेतृत्व गर्ने सरकारका रूपमा स्थापित भएको छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तहलाई समावेशी विकास, सामाजिक न्याय, समान अवसर तथा लक्षित समुदायको सशक्तीकरणका लागि नीति निर्माण गर्ने अधिकार दिएको छ। यही सन्दर्भमा दलित रणनीति र स्थानीय कानुनको महत्व अझ बढेको छ। दलित रणनीति भनेको दलित समुदायलाई राहत दिने कार्यक्रमको सूची मात्र होइन, यो ऐतिहासिक अन्यायको सम्बोधन, सामाजिक रूपान्तरण, आर्थिक सशक्तिकरण र समान अवसर सुनिश्चित गर्ने दीर्घकालीन विकासको मार्गचित्र हो। स्थानीय कानुन भनेको संविधानका आदर्शलाई स्थानीय जीवनमा व्यवहारमा उतार्ने प्रभावकारी माध्यम हो। त्यसैले दलित रणनीति र स्थानीय कानुनको समन्वयबाट मात्र समतामूलक समाज निर्माण सम्भव हुन्छ।

**दलित समुदायको ऐतिहासिक पृष्ठभूमि**

नेपालको सामाजिक संरचना लामो समयदेखि जातीय विभाजनमा आधारित रहँदै आएको छ। इतिहासकारहरूका अनुसार राजा जयस्थिति मल्लको शासनकालदेखि जातीय संरचनालाई व्यवस्थित गर्ने प्रयास सुरु भएको मानिन्छ। पछि वि.सं. १९१० मा जङ्गबहादुर राणाद्वारा जारी गरिएको मुलुकी ऐनले जातीय विभाजनलाई कानुनी मान्यता दियो। यसले समाजलाई विभिन्न तहमा विभाजन गर्दै केही समुदायलाई 'पानी नचल्ने' तथा 'अछूत' का रूपमा वर्गीकृत गऱ्यो।

यस व्यवस्थाले दलित समुदायलाई शिक्षा, प्रशासन, धार्मिक स्थल, सार्वजनिक स्रोत तथा राज्यका अवसरहरूबाट योजनाबद्ध रूपमा वञ्चित गऱ्यो। उनीहरूलाई परम्परागत श्रम र सेवामूलक पेसामा सीमित राखियो। फलस्वरूप गरिबी, अशिक्षा, भूमिहीनता, बेरोजगारी र सामाजिक बहिष्करण पुस्तान्तरण हुँदै गयो। वि.सं. २००७ सालपछि प्रजातान्त्रिक आन्दोलनसँगै दलित समुदायले अधिकारको आवाज उठाउन थाले। त्यसपछि भएका राजनीतिक परिवर्तन, विशेषतः २०६२/६३ को जनआन्दोलन र संविधानसभा प्रक्रियाले दलित अधिकारलाई राष्ट्रिय बहसको केन्द्रमा ल्यायो। नेपालको संविधान, २०७२ ले छुवाछूत तथा भेदभावविरुद्धको हक र दलितको हकलाई मौलिक अधिकारका रूपमा स्थापित गरेपछि कानुनी रूपमा ऐतिहासिक परिवर्तन भएको छ। यद्यपि कानुनले विभेदलाई निषेध गरे पनि सामाजिक व्यवहारमा यसको प्रभाव अझै पूर्णरूपमा समाप्त भएको छैन। त्यसैले अबको आवश्यकता अधिकार घोषणा होइन, अधिकारको प्रभावकारी कार्यान्वयन हो।

**सामाजिक न्याय र समावेशी विकासको आवश्यकता**

सामाजिक न्याय लोकतान्त्रिक शासन व्यवस्थाको आत्मा हो। सामाजिक न्याय भन्नाले सबै नागरिकलाई समान अवसर, सम्मान र विकासको प्रतिफलमा समान पहुँच सुनिश्चित गर्नु हो। तर समानता भनेको सबैलाई एउटै व्यवहार गर्नु मात्र होइन, ऐतिहासिक रूपमा पछाडि पारिएका समुदायलाई विशेष अवसर उपलब्ध गराउनु पनि हो। यसैलाई सकारात्मक विभेदको सिद्धान्तले स्पष्ट गर्छ।राजनीतिक दार्शनिक जोन रावल्सले न्यायलाई निष्पक्ष अवसर र स्रोतको न्यायोचित वितरणका रूपमा व्याख्या गरेका छन्। उनका अनुसार समाजका सबैभन्दा कमजोर वर्गको हितलाई प्राथमिकतामा राख्ने नीति नै न्यायोचित समाजको आधार हो। अर्थशास्त्री अमर्त्य सेनले विकासलाई केवल आय वृद्धि नभई व्यक्तिको क्षमता विस्तारसँग जोड्दै शिक्षा, स्वास्थ्य, सम्मान, स्वतन्त्रता र निर्णय प्रक्रियामा सहभागितालाई विकासको मापन मानेका छन्।नेपालको सामाजिक यथार्थमा दलित समुदाय अझै पनि विकासको मूल प्रवाहमा समान रूपमा सहभागी हुन सकेको छैन। शिक्षा, रोजगारी, उद्यम, स्वास्थ्य, भूमि, वित्तीय पहुँच तथा नेतृत्व विकासमा रहेका असमानताले सामाजिक न्यायलाई चुनौती दिएका छन्। त्यसैले स्थानीय सरकारले विकासलाई केवल सडक, भवन र पूर्वाधारमा सीमित नगरी सामाजिक रूपान्तरणसँग जोड्न आवश्यक छ।

**स्थानीय सरकार : सामाजिक रूपान्तरणको प्रमुख आधार**

संघीय शासन व्यवस्थाले स्थानीय सरकारलाई नागरिकको सबैभन्दा नजिकको सरकार बनाएको छ। स्थानीय सरकारसँग नागरिकका समस्या पहिचान गर्ने, आवश्यकताअनुसार योजना बनाउने र प्रत्यक्ष रूपमा कार्यान्वयन गर्ने अधिकार छ। यस कारण दलित समुदायको जीवनस्तर सुधार गर्न स्थानीय सरकारको भूमिका निर्णायक हुन्छ। दलित समुदायको सशक्तीकरणका लागि स्थानीय सरकारले समावेशी नीति, लक्षित बजेट, छात्रवृत्ति, सीप विकास, उद्यमशीलता, सामाजिक सुरक्षा, महिला सशक्तीकरण, सामाजिक अन्तरघुलन तथा विभेदविरुद्ध जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्न सक्छ। त्यस्तै दलित समुदायको प्रतिनिधित्व सुनिश्चित गर्दै निर्णय प्रक्रियामा अर्थपूर्ण सहभागिता गराउनु पनि स्थानीय सरकारको महत्वपूर्ण जिम्मेवारी हो।

**दलित अधिकारको संवैधानिक तथा कानुनी आधार**

नेपालको संविधान, २०७२ ले दलित अधिकारलाई विशेष प्राथमिकता दिएको छ। संविधानको धारा २४ ले कुनै पनि व्यक्तिलाई जात, जाति, समुदाय वा पेसाका आधारमा छुवाछूत तथा भेदभाव गर्न नपाइने स्पष्ट व्यवस्था गरेको छ। यस धाराविपरीत हुने सबै कार्यलाई कानुनबमोजिम दण्डनीय सामाजिक अपराध मानेको छ। संविधानको धारा ४० ले दलित समुदायलाई शिक्षा, स्वास्थ्य, रोजगार, राज्यका निकायमा समानुपातिक समावेशी सहभागिता, भूमिहीन दलितलाई भूमि, आवासविहीनलाई आवास तथा परम्परागत सीपको संरक्षण र विकासको अधिकार सुनिश्चित गरेको छ। धारा ४२ ले सामाजिक न्यायको हकलाई मौलिक अधिकारका रूपमा स्थापित गरेको छ। यसैगरी जातीय तथा अन्य सामाजिक छुवाछूत तथा भेदभाव (कसुर र सजाय) ऐन, २०६८ ले सार्वजनिक वा निजी स्थानमा जातीय विभेद गर्ने, मन्दिर वा सार्वजनिक स्थलमा प्रवेश रोक्ने, सेवा वा सुविधा दिन अस्वीकार गर्ने तथा जातीय आधारमा अपमान गर्ने कार्यलाई फौजदारी कसुरका रूपमा परिभाषित गरेको छ। पीडितलाई क्षतिपूर्ति र कसुरदारलाई कैद तथा जरिवानाको व्यवस्था गरिएको छ।

मुलुकी अपराध संहिता, २०७४ र राष्ट्रिय दलित आयोगसम्बन्धी कानुनी व्यवस्थाले पनि दलित समुदायको अधिकार संरक्षणलाई थप बल प्रदान गरेका छन्। साथै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तहलाई दलित समुदायको सशक्तीकरण, सामाजिक न्याय, लक्षित कार्यक्रम र स्थानीय कानुन निर्माण गर्ने स्पष्ट अधिकार र जिम्मेवारी प्रदान गरेको छ। यसरी हेर्दा नेपालको संवैधानिक र कानुनी आधार निकै प्रगतिशील छ। अबको मुख्य चुनौती भनेको यी कानुनी व्यवस्थालाई स्थानीय नीति, कार्यक्रम र व्यवहारमार्फत प्रभावकारी रूपमा कार्यान्वयन गर्नु हो। यही कार्यान्वयनले मात्र समावेशी समाज निर्माणको सपना साकार पार्न सक्छ।

**तिलोत्तमा नगरपालिकामा दलित रणनीति र स्थानीय कानुन : समावेशी विकासको व्यवहारिक आधार**

**तिलोत्तमा नगरपालिकाको सामाजिक यथार्थ**

तिलोत्तमा नगरपालिका तीव्र शहरीकरण, आर्थिक गतिविधि र सामाजिक विविधताको संगमका रूपमा विकास भइरहेको नगरपालिका हो। यहाँ विभिन्न जातजाति, भाषा, धर्म र संस्कृतिका समुदायले सहअस्तित्वका साथ जीवनयापन गर्दै आएका छन्। यस विविधताभित्र दलित समुदाय पनि नगर विकासको अभिन्न अंगका रूपमा रहेको छ। कृषि, श्रम, साना व्यवसाय, हस्तकला, परम्परागत पेसा, निर्माण क्षेत्र तथा वैदेशिक रोजगारीमा उनीहरूको महत्वपूर्ण योगदान भए पनि शिक्षा, आय, उद्यमशीलता, नेतृत्व र निर्णय प्रक्रियामा अपेक्षाकृत कमजोर उपस्थिति देखिन्छ। संविधानले समान अधिकार सुनिश्चित गरे पनि सामाजिक र आर्थिक असमानताको प्रभाव अझै पूर्ण रूपमा हट्न सकेको छैन। यही यथार्थलाई मध्यनजर गर्दै तिलोत्तमा नगरपालिकाले दलित समुदायलाई विकासको मूल प्रवाहमा जोड्ने उद्देश्यले विभिन्न नीति तथा कार्यक्रम सञ्चालन गर्दै आएको छ। अब ती प्रयासलाई संस्थागत गर्न स्पष्ट दलित रणनीति र स्थानीय कानुन आवश्यक देखिन्छ।

**तिलोत्तमा नगरपालिकाको दलित रणनीतिले निम्न पक्षलाई प्राथमिकतामा राख्नुपर्छ–**

- शिक्षा र सीप विकासमा समान पहुँच।
- आर्थिक सशक्तीकरण र उद्यमशीलता प्रवर्द्धन।
- जातीय विभेद तथा छुवाछूत उन्मूलन।
- दलित महिला र युवाको नेतृत्व विकास।
- परम्परागत सीप र संस्कृतिको संरक्षण।
- नीति निर्माणदेखि कार्यान्वयनसम्म दलित समुदायको अर्थपूर्ण सहभागिता।
- सामाजिक न्यायमा आधारित बजेट तथा योजनाको सुनिश्चितता।

रणनीति स्पष्ट लक्ष्य, समयसीमा, बजेट, जिम्मेवार निकाय र अनुगमन प्रणालीसहित तयार गरिएमा यसको प्रभाव दीर्घकालीन हुन्छ।

**स्थानीय कानुन : संवैधानिक अधिकारको स्थानीय कार्यान्वयन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तहलाई आवश्यक ऐन, नियम, कार्यविधि र निर्देशिका निर्माण गर्ने अधिकार दिएको छ। यही अधिकार प्रयोग गर्दै तिलोत्तमा नगरपालिकाले दलित अधिकार संरक्षणका लागि स्थानीय कानुन निर्माण गर्न सक्छ।

**यस्ता कानुनमा विशेष गरी निम्न विषय समेटिनुपर्छ–**

- जातीय विभेद तथा छुवाछूतविरुद्ध शून्य सहनशीलताको नीति।
- दलित समुदायको सहभागिता सुनिश्चित गर्ने कानुनी व्यवस्था।
- दलित लक्षित बजेटको न्यूनतम प्रतिशत निर्धारण।
- छात्रवृत्ति, सीप विकास तथा उद्यम प्रवर्द्धनसम्बन्धी कार्यविधि।
- गुनासो सुनुवाइ तथा कानुनी सहायता संयन्त्र।
- सामाजिक परीक्षण र सार्वजनिक उत्तरदायित्वको व्यवस्था।
- वार्षिक प्रगति मूल्याङ्कन तथा सार्वजनिक प्रतिवेदन।

स्थानीय कानुनले संविधानको भावना र स्थानीय आवश्यकताबिच पुलको काम गर्छ। यसले नीति कार्यान्वयनलाई बाध्यकारी बनाउँदै उत्तरदायित्व पनि सुनिश्चित गर्छ।

**दलित लक्षित नीति तथा बजेट**

समावेशी विकासको आधार केवल नीति होइन, त्यसको कार्यान्वयनका लागि आवश्यक स्रोतको सुनिश्चितता पनि हो। दलित समुदायका लागि विनियोजित बजेटलाई दान वा अनुदानका रूपमा होइन, सामाजिक न्यायमा आधारित लगानीका रूपमा बुझ्नुपर्छ।

नगरपालिकाले दलित लक्षित बजेटलाई शिक्षा, सीप विकास, स्वरोजगार, उद्यमशीलता, स्वास्थ्य, आवास, सामाजिक सुरक्षा तथा महिला सशक्तीकरणमा केन्द्रित गर्नुपर्छ। बजेटको प्रभावकारिता मापनका लागि स्पष्ट सूचक, नियमित अनुगमन र सार्वजनिक प्रतिवेदनको व्यवस्था गर्नुपर्छ।

**शिक्षामा समावेशी नीति**

शिक्षा सामाजिक रूपान्तरणको सबैभन्दा प्रभावकारी माध्यम हो। तिलोत्तमा नगरपालिकाले दलित बालबालिकाको विद्यालय भर्ना, नियमित उपस्थिति, छात्रवृत्ति, दिवा खाजा, प्राविधिक शिक्षा र उच्च शिक्षामा पहुँच बढाउने कार्यक्रमलाई प्राथमिकतामा राख्नुपर्छ।

विद्यालय व्यवस्थापन समिति, अभिभावक समिति तथा शैक्षिक निर्णय प्रक्रियामा दलित समुदायको सहभागिता बढाउनु पनि समावेशी शिक्षाको महत्वपूर्ण पक्ष हो।

**दलित ज्ञान उत्सव : सामाजिक चेतनाको अभिनव अभ्यास**

तिलोत्तमा नगरपालिकाले सञ्चालन गरेको दलित ज्ञान उत्सव समावेशी समाज निर्माणतर्फको महत्वपूर्ण अभ्यासका रूपमा लिन सकिन्छ। यस कार्यक्रमले दलित समुदायका ज्ञान, अनुभव, परम्परागत सीप, संस्कृति र इतिहासलाई सम्मान गर्ने वातावरण सिर्जना गर्दछ।

ज्ञान उत्सव केवल सांस्कृतिक कार्यक्रम होइन; यसले समाजमा रहेको पूर्वाग्रह हटाउने, अन्तरघुलन बढाउने, युवापुस्तामा सकारात्मक सोच विकास गर्ने तथा दलित समुदायको आत्मविश्वास अभिवृद्धि गर्ने माध्यमका रूपमा काम गर्छ। यस्ता कार्यक्रमलाई निरन्तरता दिई विद्यालय, समुदाय र सार्वजनिक संस्थासम्म विस्तार गर्न आवश्यक छ।

**परम्परागत सीप, कला र संस्कृतिको संरक्षण**

दलित समुदायसँग पुस्तौँदेखि हस्तान्तरण हुँदै आएका अनेकौं सीप र कला छन्। फलाम, काठ, छाला, बाजा, सिलाइ, मूर्तिकला, हस्तकला लगायतका परम्परागत पेसाले नेपाली समाजको सभ्यता र संस्कृति निर्माणमा महत्वपूर्ण योगदान दिएका छन्। आधुनिक प्रविधि र बजार व्यवस्थापनसँग जोडेर यी सीपलाई व्यवसायीकरण गर्न सकिए दलित समुदायको आर्थिक सशक्तीकरणका साथै स्थानीय अर्थतन्त्र पनि बलियो बन्न सक्छ। नगरपालिकाले सीप विकास तालिम, ब्रान्डिङ, बजार प्रवर्द्धन, सहकारी र उद्यम विकासमार्फत यस क्षेत्रमा विशेष कार्यक्रम सञ्चालन गर्नुपर्छ।

**रोजगारी र उद्यमशीलता**

समृद्ध समाजको आधार सम्मानजनक रोजगारी हो। दलित समुदायका युवालाई स्वरोजगारमुखी बनाउन सीपमूलक तालिम, सहुलियतपूर्ण कर्जा, व्यवसाय व्यवस्थापन तालिम तथा बजार पहुँच आवश्यक हुन्छ। स्थानीय सरकारले कृषि, उद्योग, पर्यटन, सेवा तथा सूचना प्रविधि क्षेत्रसँग जोडेर दलित युवालाई उद्यमशीलतामा आकर्षित गर्न सक्छ। उत्पादनदेखि बजारीकरणसम्म स्थानीय सरकारको सहजीकरणले दीर्घकालीन आर्थिक रूपान्तरण सम्भव हुन्छ ।

**सामाजिक अन्तरघुलन : विभेद अन्त्यको आधार**

जातीय विभेदको अन्त्य कानुनी कारबाहीले मात्र सम्भव हुँदैन। सामाजिक चेतना, संवाद र सहकार्य पनि आवश्यक हुन्छ। त्यसैले तिलोत्तमा नगरपालिकाले विद्यालय, टोल विकास संस्था, युवा क्लब, महिला समूह तथा नागरिक समाजसँग सहकार्य गर्दै सामाजिक अन्तरघुलनका कार्यक्रम सञ्चालन गर्नुपर्छ। संयुक्त सांस्कृतिक कार्यक्रम, सार्वजनिक संवाद, सचेतना अभियान, विद्यालयस्तरीय गतिविधि तथा सामुदायिक उत्सवहरूले सामाजिक दूरी घटाउन र समानताको संस्कृतिलाई बलियो बनाउन सहयोग पुऱ्याउँछन्।

**संस्थागत व्यवस्था**

दलित रणनीति सफल बनाउन संस्थागत संरचना पनि बलियो हुनुपर्छ। नगरपालिकाले दलित विकास समिति, सामाजिक न्याय समिति, वडा तहमा समन्वय संयन्त्र तथा गुनासो सुनुवाइ प्रणालीलाई प्रभावकारी बनाउनुपर्छ। त्यस्तै योजना निर्माण, कार्यान्वयन, अनुगमन र मूल्याङ्कनका सबै चरणमा दलित समुदायको प्रतिनिधित्व सुनिश्चित गरिनुपर्छ। समावेशी शासनको वास्तविक मापन पूर्वाधार निर्माणले होइन, निर्णय प्रक्रियामा सबै समुदायको अर्थपूर्ण सहभागिताले हुन्छ। त्यसैले संस्थागत संरचनालाई उत्तरदायी, पारदर्शी र सहभागितामूलक बनाउनु नै सफल दलित रणनीतिको आधार हो।

**वर्तमान चुनौतीहरू** : कानुनबाट व्यवहारसम्मको यात्रा

नेपालको संविधानले दलित समुदायका अधिकारलाई मौलिक हकका रूपमा सुनिश्चित गरेको छ। जातीय तथा अन्य सामाजिक छुवाछूत तथा भेदभाव (कसुर र सजाय) ऐन, २०६८ ले जातीय विभेदलाई दण्डनीय अपराध घोषणा गरेको छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तहलाई सामाजिक न्याय र समावेशी विकासको जिम्मेवारी दिएको छ। तर कानुनी व्यवस्थाको उपलब्धि मात्र पर्याप्त हुँदैन, यसको वास्तविक सफलता कार्यान्वयनमा निर्भर हुन्छ। तिलोत्तमा नगरपालिकासहित अधिकांश स्थानीय तहले समावेशी नीति अवलम्बन गरे पनि केही चुनौती अझै विद्यमान छन्। दलित समुदायको वास्तविक सामाजिक-आर्थिक अवस्था झल्काउने अद्यावधिक तथ्याङ्कको अभाव, लक्षित बजेटको सीमितता, नीति र कार्यक्रमबिचको कमजोर समन्वय, परम्परागत सीपको संरक्षणमा न्यून लगानी, उद्यमशीलतामा वित्तीय पहुँचको कठिनाइ तथा विभेदका लुकेका सामाजिक अभ्यास अझै चुनौतीका रूपमा रहेका छन्। दलित महिलाले जातीय विभेदसँगै लैङ्गिक असमानताको दोहोरो बोझ व्यहोर्नुपरेको छ। शिक्षा र रोजगारीमा केही सुधार भए पनि नेतृत्व विकास, आर्थिक स्वावलम्बन र निर्णय प्रक्रियामा सहभागिता अझै सन्तोषजनक छैन। त्यस्तै दलित युवालाई आधुनिक प्रविधि, उद्यमशीलता र प्रतिस्पर्धी श्रम बजारसँग जोड्ने कार्यक्रम अझै विस्तार हुन आवश्यक छ।

**भावी रणनीति : समृद्ध र समावेशी तिलोत्तमातर्फ**

दलित रणनीति प्रभावकारी हुनका लागि स्पष्ट कार्ययोजना, मापनयोग्य लक्ष्य र संस्थागत प्रतिबद्धता आवश्यक हुन्छ। तिलोत्तमा नगरपालिकाले आगामी दिनमा निम्न प्राथमिकतामा विशेष ध्यान दिन सक्छ–

१. दलित रणनीतिलाई नगरको आवधिक योजनासँग आबद्ध गर्ने।
२. तथ्याङ्कमा आधारित योजना निर्माण गर्ने।
३. दलित लक्षित बजेटलाई परिणाममुखी बनाउने।
४. परम्परागत सीपलाई आधुनिक अर्थतन्त्रसँग जोड्ने।
५. दलित युवालाई उद्यमशीलतामा जोड्ने।
६. दलित महिलाको आर्थिक तथा सामाजिक सशक्तीकरण।
७. सामाजिक अन्तरघुलनलाई संस्थागत गर्ने।
८. प्रभावकारी अनुगमन र सामाजिक परीक्षण।

**स्थानीय कानुन : दिगो परिवर्तनको माध्यम**

स्थानीय कानुनले मात्र संविधानका आदर्शलाई व्यवहारमा रूपान्तरण गर्न सक्छ। तिलोत्तमा नगरपालिकाले समयसापेक्ष रूपमा दलित सशक्तीकरणसम्बन्धी स्थानीय ऐन, कार्यविधि तथा निर्देशिकालाई अद्यावधिक गर्दै लैजानुपर्छ। कानुन निर्माण गर्दा दलित समुदाय, नागरिक समाज, विषयविज्ञ, महिला समूह, युवा तथा सरोकारवालाको सक्रिय सहभागिता सुनिश्चित गरिनुपर्छ। कानुन प्रभावकारी बन्नका लागि त्यसको कार्यान्वयन, अनुगमन र नागरिक उत्तरदायित्व पनि उत्तिकै महत्वपूर्ण हुन्छ। कानुन पुस्तकमै सीमित नभई व्यवहारमा लागू भए मात्र त्यसले सामाजिक परिवर्तनको आधार तयार गर्छ।

**निष्कर्ष**

दलित रणनीति र स्थानीय कानुन कुनै प्रशासनिक औपचारिकता होइन, यो सामाजिक न्यायप्रतिको राज्यको नैतिक, संवैधानिक र विकासात्मक प्रतिबद्धता हो। शताब्दीयौँदेखि विभेदको पीडा भोग्दै आएको समुदायलाई समान अवसर, सम्मान र सहभागिताको वातावरण निर्माण गर्नु लोकतन्त्रको आधारभूत दायित्व हो।

नेपालको संविधानले दलित समुदायका अधिकारलाई स्पष्ट रूपमा सुनिश्चित गरेको छ। अब ती अधिकारलाई स्थानीय नीति, योजना, बजेट, कानुन र व्यवहारमा रूपान्तरण गर्नु स्थानीय सरकारको जिम्मेवारी हो। तिलोत्तमा नगरपालिकाले थालेका समावेशी अभ्यास–शिक्षामा पहुँच, दलित ज्ञान उत्सव, सीप विकास, सामाजिक अन्तरघुलन, परम्परागत पेसाको संरक्षण तथा सहभागितामूलक शासनलाई संस्थागत गर्दै अघि बढ्न सके यसले समावेशी विकासको राष्ट्रिय नमूना प्रस्तुत गर्न सक्छ।

समृद्ध नगरको परिचय केवल फराकिला सडक, अग्ला भवन वा भौतिक पूर्वाधारले मात्र दिँदैन। वास्तविक समृद्धि त्यतिबेला स्थापित हुन्छ, जब प्रत्येक नागरिकले सम्मानका साथ बाँच्न पाउँछ, अवसरमा समान पहुँच पाउँछ र आफ्नो भविष्य निर्माण गर्ने आत्मविश्वास प्राप्त गर्छ। दलित रणनीति र स्थानीय कानुन यही लक्ष्य हासिल गर्ने सशक्त माध्यम हुन्।



**सडकमै धान सुकाइँदैः**
कैलालीको भजनी नगरपालिका- ३ कृष्णपुर सडकमा स्थानीय बासिन्दाले भित्र्याएको चैत धान सडकमै सुकाउँदै । तस्विरः रासस

# नेपाल-भारत सीमामा ४२ नयाँ सीमा स्तम्भ निर्माण, १०९ को मर्मतसम्भार




बाँके । नेपाल-भारत सीमा क्षेत्रमा रहेका सीमा स्तम्भहरूको अवस्था अध्ययन, अभिलेखीकरण तथा मर्मतसम्भारका लागि सञ्चालन गरिएको तीन महिने फिल्ड सर्वेक्षण सम्पन्न भएको छ । तीन महिनादेखि खटिएको प्राविधिक टोलीले बाँके, दाङ, कपिलवस्तु र नवलपरासी क्षेत्रका सीमा स्तम्भहरूको प्राविधिक अध्ययन पूरा गरेको हो । सर्वेक्षणका क्रममा सीमा स्तम्भको अवस्थिति यकिन गर्ने, हराएका वा क्षतिग्रस्त स्तम्भहरूको विवरण सङ्कलन गर्ने तथा अभिलेख अद्यावधिक गर्ने काम गरिएको छ ।

नेपाल-भारत सीमासम्बन्धी द्विपक्षीय बैठकपछि गठन गरिएको फिल्ड सर्वेक्षण टोली नम्बर ३ ले नवलपरासीको त्रिवेणीघाटदेखि बर्दियाको कर्णाली क्षेत्रसम्मको सीमा क्षेत्रमा कार्य गरेको थियो । टोलीको कार्यक्षेत्र नवलपरासी, रूपन्देही, कपिलवस्तु, दाङ, बाँके र बर्दिया गरी छ जिल्ला रहे पनि यसपटक मुख्य रूपमा बाँके, दाङ र कपिलवस्तुमा सीमा स्तम्भ निर्माण तथा मर्मतसम्भारको काम गरिएको छ ।

नापी विभागका प्रमुख नापी अधिकृत खिम रानाका अनुसार नेपाल र भारत दुवै पक्षको सहकार्यमा ४२ वटा नयाँ सीमा स्तम्भ निर्माण गरिएको छ भने एक सय नौ वटा सीमा स्तम्भको मर्मतसम्भार सम्पन्न गरिएको छ । बाँके जिल्लामा मात्र ३५ वटा नयाँ सीमा स्तम्भ निर्माण गरिएको तथा नेपालतर्फ ४९ र भारततर्फ ४६ गरी ९५ वटा सीमा स्तम्भको मर्मतसम्भार गरिएको उनले जानकारी दिए ।

उनले भने-"नेपाल र भारत दुवै पक्षको सहकार्यमा सीमा स्तम्भलाई भू-उपग्रह प्रणालीसँग आबद्ध गर्ने उद्देश्यले विभिन्न स्थानमा मुख्य मापन केन्द्र स्थापना गरी ७२ घण्टासम्म निरन्तर अवलोकनसमेत गरेका छौँ ।" सीमा व्यवस्थापनलाई आधुनिक प्रविधिसँग जोड्ने उद्देश्यले नेपाल-भारत सीमा सन्दर्भ प्रणालीअन्तर्गत नवलपरासीको बर्दघाट, कपिलवस्तुको तिलौराकोट क्षेत्र, दाङको लमही र बाँकेको कालाबञ्जरमा मुख्य मापन केन्द्र स्थापना गरी ७२ घण्टासम्म निरन्तर जीपीएस अवलोकन गरिएको थियो । साथै सीमाका स्तम्भहरूलाई भविष्यमा जीपीएसमा आधारित प्रणालीमा आबद्ध गर्न सहायक मापन केन्द्रका लागि आवश्यक स्थान छनोटको काम पनि सम्पन्न गरिएको छ ।

फिल्ड सर्वेक्षण टोलीको काम सम्पन्न भएपछि नेपाल-भारत सीमासम्बन्धी संयुक्त सुरक्षा संयन्त्रको समीक्षा बैठक नेपालगन्जमा सम्पन्न भएको थियो । बैठकमा नेपालतर्फ बाँके, दाङ, कपिलवस्तु र नवलपरासीका प्रमुख जिल्ला अधिकारी तथा भारततर्फ श्रावस्तीसहित सम्बन्धित जिल्लाका अधिकारीहरूको सहभागिता रहेको थियो ।

सशस्त्र प्रहरी बल ३० नम्बर गण, बागेश्वरीका प्रमुख सशस्त्र प्रहरी उपरीक्षक भीमबहादुर चन्दका अनुसार बैठकले सीमा स्तम्भहरूको अवस्था, मर्मतसम्भारको प्रगति, पुनर्निर्माण तथा आगामी कार्ययोजनाबारे समीक्षा गरेको थियो । "नेपाल-भारत सीमासम्बन्धी संयुक्त समितिको निर्णयअनुसार फिल्ड सर्वेक्षण टोली परिचालन गरिएको हो । टोलीले सीमा स्तम्भहरूको अवस्थिति, मर्मतसम्भार र पुनर्निर्माणका लागि आवश्यक प्राविधिक अध्ययन सम्पन्न गरेको छ । निर्माण तथा मर्मतसम्भारपछि सीमा स्तम्भको संरक्षण र सुरक्षाको जिम्मेवारी सम्बन्धित सुरक्षा निकायले निर्वाह गर्नेछन् ।"- उनले भने ।

# लागुऔषध दुरुपयोगविरुद्ध सप्ताहव्यापी कार्यक्रम गरिँदै




गुल्मी । गुल्मीमा लागुऔषध दुरुपयोगविरुद्ध सप्ताहव्यापी कार्यक्रम गरिने भएको छ । लागुऔषध दुरुपयोग तथा ओसारपसार विरुद्ध अन्तर्राष्ट्रिय दिवस-२०२६ को अवसरमा यस जिल्लामा सप्ताहव्यापी सचेतनामूलक कार्यक्रम गर्न लागिएको प्रमुख जिल्ला अधिकारी बद्रीनाथ गैह्रेले जानकारी दिए ।

प्रमुख जिल्ला अधिकारी गैह्रेका अनुसार प्रशासन कार्यालयको आयोजनामा असार ६ गतेदेखि १२ गतेसम्म विभिन्न कार्यक्रम सञ्चालन गर्ने कार्ययोजना स्वीकृत गरिएको छ ।

गृह मन्त्रालयको निर्देशनअनुसार जिल्लास्तरीय कार्यक्रम सञ्चालन गर्ने निर्णय भएको छ । कार्ययोजनाअनुसार शुभारम्भको दिन असार ६ गते जिल्ला प्रशासन कार्यालयको सभाहलमा तथा अन्तरक्रिया कार्यक्रम गरिने उनले जानकारी दिए । त्यसैगरी असार ८ र ९ गते जिल्लाका विद्यालय तथा कलेजहरूमा लागुऔषध दुरुपयोगविरुद्ध सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ । असार ६ देखि १२ गतेसम्म जोखिम सम्भावित क्षेत्र, सवारी साधन, होटल तथा बजार क्षेत्रमा आकस्मिक चेकजाँच तथा सचेतना कार्यक्रम सञ्चालन गरिनेछ । औषधि व्यवसायीहरूसँग छलफल तथा अन्तरक्रियालगायतका कार्यक्रम सञ्चालन गरिनेछ ।

लागुऔषध नियन्त्रणलाई स्थानीय तहको नीति, कार्यक्रम तथा वार्षिक बजेटमा समावेश गर्न जिल्ला स्थित सबै स्थानीय तहलाई अनुरोध समेत गरिनेछ। साथै, लागुऔषधजन्य खेती, ओसारपसार, बिक्रीवितरण तथा सेवन नियन्त्रणका लागि सुरक्षा निकायबाट निगरानी र चेकजाँचलाई थप प्रभावकारी बनाइनेछ ।

लागुऔषधको जोखिममा रहेका समूहलाई लक्षित गरी जिल्ला प्रशासन कार्यालय, सुरक्षा निकाय, स्थानीय तह तथा सरोकारवाला निकायसँगको समन्वयमा सचेतनामूलक कार्यक्रम सञ्चालन गरिने प्रमुख जिल्ला अधिकारी गैह्रेले बताए ।

# अभिमुखीकरण कार्यक्रम सम्पन्न



अर्घाखाँची । अर्घाखाँचीको शीतगंगा नगरपालिका वडा नं. ९ को आयोजनामा तथा दलित चेतना विकास परिषद् अर्घाखाँचीको सहजीकरणमा जनजाति तथा दलित विशेष कार्यक्रमअन्तर्गत अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको छ ।

कार्यक्रममा प्रमुख अतिथिको रूपमा मन्तव्य राख्दै वडा अध्यक्ष भीमबहादुर केसीले समतामूलक समाज निर्माण आजको अपरिहार्य आवश्यकता भएको बताए ।

उनले नेपालमा कानुनी रूपमा छुवाछूत अन्त्य घोषणा गरिए पनि व्यवहारमा अझै विभेद कायम रहेको उल्लेख गर्दै जातीय विभेद तथा छुवाछूत मानवअधिकारको गम्भीर उल्लङ्घन भएको बताए । यसको अन्त्यका लागि राज्य, स्थानीय तह, नागरिक समाज तथा आम नागरिकको साझा प्रयास आवश्यक रहेको उनको भनाइ थियो । संविधानले सबै नागरिकलाई समान अधिकार प्रदान गरेको स्मरण गराउँदै जातीय आधारमा हुने कुनै पनि प्रकारको विभेद कानुनले निषेध गरेको जनाए ।

दलित समुदायको सामाजिक, आर्थिक, शैक्षिक तथा राजनीतिक सशक्तीकरण बिना समतामूलक समाज निर्माण सम्भव नहुने उल्लेख गर्दै उनले सचेतना अभिवृद्धि, कानुनको प्रभावकारी कार्यान्वयन तथा अवसरमा समान पहुँच सुनिश्चित गर्नुपर्नेमा जोड दिए ।

कार्यक्रममा वडा सचिव खगेन्द्र तिरुवा, सगरमाथा आधारभूत विद्यालयका पूर्व अध्यक्ष तथा समाजसेवी चुमान परियार, प्रधानाध्यापक कृष्णप्रसाद गुप्ता तथा नवनिर्वाचित अध्यक्ष रमेश रोकाहालगायतले मन्तव्य व्यक्त गर्दै सामाजिक समावेशीकरणलाई व्यवहारमा उतार्न स्थानीय तहको भूमिका अझ प्रभावकारी हुनुपर्ने धारणा राखेका थिए । उनीहरूले विभेदविरुद्धको अभियान गाउँ-टोलसम्म विस्तार गर्न र युवा पुस्ताले समानता, सहिष्णुता तथा मानव मर्यादाको पक्षमा नेतृत्वदायी भूमिका निर्वाह गर्नुपर्नेमा जोड दिए । अधिकारकर्मी तथा नेपाल पत्रकार महासंघका पूर्व केन्द्रीय सदस्य राधा नेपाली र पत्रकार अनिल नेपालीले सहजीकरण गरेको उक्त कार्यक्रम वडा सदस्य अमृता विकको अध्यक्षतामा सम्पन्न भएको थियो । कार्यक्रममा कार्यपालिका सदस्य पुष्पा गाहा, वडा सदस्य खुमबहादुर लुम्चेलगायतको सहभागिता रहेको थियो ।

# मल्चिङ प्रविधिले फेरियो तरकारी खेती



दाङ । किसानका मेहनती हातलाई प्रविधिले पनि साथ दिए सामान्य घरखर्च चलाउन अन्त कतै जानै पर्दैन । आफ्नै घरखेतमा नयाँ प्रविधिका माध्यमबाट खेती गरेर पैसा कमाइरहेका रुबियाको सफलताले यसलाई चरितार्थ गरेको छ ।

लमही नगरपालिका-७, फचकपुरकी रुबिया चौधरीको बारी यतिबेला हरियालीले भरिएको छ । बोडी, घिउ सिमी, लौका, भिन्डी, करेला, टमाटर र खुर्सानीले लटरम्म ढाकिएको खेतमा कोही खुर्सानी टिप्दै छन् भने कोही करेला र बोडी सङ्कलनमा व्यस्त छन् । करिब डेढ बिघा क्षेत्रफलमा फैलिएको उनको तरकारी खेती आज सफल उद्यमको उदाहरण बनेको छ ।

दुई दशकदेखि तरकारी खेती गर्दै आएकी रुबियाले वार्षिक करिब १० लाख रुपियाँ आम्दानी गरेको बताइन् । सुरुमा परम्परागत शैलीमा खेती गर्दै आएकी उनले पछिल्लो समय मल्चिङ प्रविधि अपनाएपछि उत्पादन र आम्दानी दुवैमा उल्लेखनीय वृद्धि बताइन् । "पहिले धेरै समय र खर्च लाग्थ्यो तर मल्चिङ प्रविधिबाट तरकारी खेती गर्दा मेहनत र खर्च दुवै कम लाग्छ, उत्पादन पनि राम्रो गर्न सकिँदो रहेछ ।"- उनले भनिन् ।

दुई वर्षअघि ग्रामीण महिला उत्थान केन्द्रले हेफर इन्टरनेसनल नेपालको सहयोगमा सञ्चालन गरेको परियोजनाअन्तर्गत कृषक व्यवसाय पाठशाला तालिम लिएपछि उनले आधुनिक प्रविधि प्रयोग सुरु गरन् । त्यसपछि उनको खेती प्रणाली पूर्ण व्यावसायिक बनेको हो । रुबियाले रासायनिक मलभन्दा प्राङ्गारिक मललाई प्राथमिकता दिएकी छिन् । सुरुमा रासायनिक मल प्रयोग गर्दा उत्पादन बढे पनि जमिनको उर्वराशक्ति घट्न थालेपछि उनले गँड्यौला मल उत्पादन गरी प्रयोग गर्न थालेकी हुन् । यस्तै उनले तरकारी खेतीमा रासायनिक विषादी छाडेर जैविक विषादी र झोलमोल प्रयोग गर्न थालेको बताइन् । पहिले बजार अभावका कारण समस्या झेल्नु परे पनि अहिले सहकारीमार्फत सहज बिक्री हुने गरेको उनले जनाइन् ।

दीपन कृषि उपज सङ्कलन केन्द्रमार्फत् सङ्कलित तरकारी दाङका विभिन्न सहरसँगै कोहलपुर, बुटवल र प्यूठानसम्म पुग्ने गरेको छ । रुबिया परिवारमा १५ जना सदस्य छन्, जो बिहानसाँझ खेतीमा सघाउँछन् । साथै उनले दैनिक दुई जनालाई रोजगारी पनि दिएकी छिन् भने आवश्यक पर्दा १० जनासम्म काममा लगाउने रुबियाले बताइन् ।

खुर्सानी खेतीबाट उनले सबैभन्दा बढी लाभ लिँदै आएकी छिन् । "एक दिनमै एक लाखको खुर्सानी बेच्दा निकै खुसी लाग्यो ।"-उनले सम्झिँदै भनिन् । तरकारी खेतीकै आम्दानीबाट रुबियाले लमहीमा चार वटा घडेरी, गाउँमा दुई पक्की घर निर्माण गर्नुका साथै तरकारी खेतीको प्रयोगका लागि ट्र्याक्टरसमेत खरिद गरेकी छिन् ।

ग्रामीण महिला उत्थान केन्द्रकी अध्यक्ष आसमानी चौधरीले आफूहरूले किसानलाई आधुनिक प्रविधि, प्राविधिक सीप र बजार पहुँच प्रदान गर्दै जीवनस्तर माथि उठाउनमा सहयोग गर्दै आएको बताइन् ।

**के हो मल्चिङ प्रविधि ?**

मल्चिङ भनेको परम्परागत भाषामा छापो हो । अर्थात् माटोमा बिउबिजन छरिसकेपछि त्यसलाई ढाक्ने भनिएको हो । जस्तो कि गाउँघरमा आलु, घुइया वा धानको बिउ छरेपछि छापो हाल्ने चलन छ । मल्चिङ प्रविधि भनेको त्यही आधुनिक छापो हो । हाल प्रचलनमा रहेको विभिन्न प्रकारका प्लास्टिक मल्चिङ हो ।

**कार्यदलका ...**

विशेषगरी उपाध्यक्ष विष्णु पौडेल र महासचिव शंकर पोखरेलप्रति पछिल्ला दिनमा ओलीले सार्वजनिक रूपमा असन्तुष्टि व्यक्त गरिरहेका बेला लुम्बिनी प्रदेशमा भएको यो कार्यक्रमलाई थप चासोका साथ हेरिएको छ ।

लुम्बिनी प्रदेश उपाध्यक्ष पौडेल र महासचिव पोखरेलको राजनीतिक होमग्राउण्ड हो । उनीहरूलाई केन्द्रमा राखेर नयाँ टिम निर्माणको चर्चा चलिरहेका बेला आयोजित सुझाव सङ्कलन कार्यक्रममा ओलीले नेतृत्व बहसलाई असान्दर्भिक ठहर गर्दै पार्टी पुनर्गठनभन्दा एकतामा जोड दिएका हुन् । कार्यक्रममा कस्ता सुझाव आउलान् ? ओलीको नयाँ ट्याक्टिसले काम गर्ला कि नगर्ला ? यस विषयलाई चासोका साथ हेरिएको छ ।

**सडक दुर्घटना...**

रुपन्देहीस्थित बुटवल उद्योग वाणिज्य संघको सभाहलमा आयोजित गोष्ठीमा प्रदेश प्रहरी कार्यालय, ट्राफिक प्रहरी, स्थानीय तहका प्रतिनिधि तथा सरोकारवाला निकायका पदाधिकारीहरूको सहभागिता रहेको छ ।

लुम्बिनी प्रदेश प्रहरी कार्यालयका प्रहरी नायव महानिरीक्षक भूपेन्द्रबहादुर खत्रीको अध्यक्षता तथा मुख्यमन्त्री चेतनारायण आचार्यको प्रमुख आतिथ्यतामा भएको कार्यक्रममा ट्राफिक व्यवस्थापन, सडक सुरक्षा तथा दुर्घटना न्यूनीकरणका उपायबारे समीक्षा तथा छलफल गरिएको थियो ।

**११ महिनासम्म...**

सामाजिक विकास मन्त्रालयले १ अर्ब ३१ करोड ७० लाख रुपैयाँ खर्च गर्दै ३६ ४१ प्रतिशत प्रगति हासिल गरेको छ ।

उद्योग, पर्यटन तथा यातायात मन्त्रालयले ७० करोड ७० लाख रुपैयाँ खर्च गरी ३७.१३ प्रतिशत बजेट कार्यान्वयन गरेको छ । कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालयले ६४ करोड ३० लाख रुपैयाँ खर्च गर्दै ४२.७३ प्रतिशत खर्च गरेको छ ।

सहरी विकास तथा खानेपानी मन्त्रालयको खर्च २ अर्ब ४२ करोड २२ लाख रुपैयाँ पुगेको छ, जुन ४३.१० प्रतिशत हो । ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयले १ अर्ब २६ करोड रुपैयाँ खर्च गरी ४७.०६ प्रतिशत बजेट कार्यान्वयन गरेको छ ।

त्यसैगरी वन तथा वातावरण मन्त्रालयले १ अर्ब २३ करोड ९६ लाख रुपैयाँ खर्च गर्दै ४८.६६ प्रतिशत प्रगति हासिल गरेको छ । भौतिक पूर्वाधार विकास मन्त्रालयले सबैभन्दा बढी रकम अर्थात् ४ अर्ब ९८ करोड ८२ लाख रुपैयाँ खर्च गरेको छ, जुन यसको कुल बजेटको ५०.२६ प्रतिशत हो । सबैभन्दा बढी प्रतिशत खर्च गर्ने मन्त्रालय भने स्वास्थ्य मन्त्रालय छ । यो मन्त्रालयले ३ अर्ब १० करोड ३१ लाख रुपैयाँ खर्च गरेको छ, जुन उसको कुल बजेटको ६२.७७ प्रतिशत हो ।

लुम्बिनी प्रदेश सरकारका प्रवक्ता तथा स्वास्थ्यमन्त्री रामजी घिमिरेले चालु आर्थिक वर्षमा लक्ष्यअनुसार खर्च गर्ने योजना बनाए पनि विभिन्न कारणले अपेक्षित प्रगति हुन नसकेको बताए । उनका अनुसार कर्मचारी सरुवा, विभिन्न आन्दोलन तथा प्रशासनिक अवरोधका कारण बजेट कार्यान्वयन प्रभावित भएको हुन सक्छ ।

मन्त्री घिमिरेले हाल पनि विभिन्न आयोजनाका बिल भुक्तानी प्रक्रियामा रहेकाले खर्चको प्रतिशत अझ बढ्ने दाबी गर्दै अन्तिम खर्च गत वर्षकै हाराहारीमा पुग्ने विश्वास व्यक्त गरे ।

## अधीकृत वारेसनामा बदर सम्बन्धी सूचना

मितिः २०८३/०३/०५

यसद्वारा सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ कि म कमलराज शर्मा सुवेदी, जिल्ला नवलपरासी (बर्दघाट सुस्ता पूर्व) मध्यविन्दु नगरपालिका-७, कुसुम टोल निवासीले आफ्नो नाममा रहेको जग्गा सम्बन्धी कार्य गर्नका लागि केदार प्रसाद रेश्मी लाई दिएको अधीकृत वारेसनामा हालबाट पूर्ण रूपमा बदर (रद्द) गरेको छु ।

अतः उक्त वारेसनामाको आधारमा केदार प्रसाद रेश्मी वा अन्य कुनै व्यक्तिले मेरो नामबाट कुनै पनि प्रकारको जग्गा खरिद-बिक्री, हक हस्तान्तरण, राजीनामा, लिखत पारित वा अन्य कानुनी कार्य गरे गराएमा त्यसको सम्पूर्ण जिम्मेवारी सम्बन्धित व्यक्ति स्वयंको हुनेछ र मबाट मान्य हुने छैन ।

यो सूचना प्रकाशित भएको मितिदेखि उक्त वारेसनामा अमान्य भएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि प्रकाशित गरिएको छ ।

**सूचना दिनेः**

**कमलराज शर्मा सुवेदी**

**मध्यविन्दु नगरपालिका-७, कुसुम टोल, नवलपरासी**

**(बर्दघाट सुस्ता पूर्व)**

ट्वाइलेट सफा गराउनुहोस्
सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर
समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार

प्रो. रामशाह शाहानी
विशाल सेनेटरी
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

ट्वाइलेट सफा गराउनुहोस्
के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।
सम्पर्कः
तिनाउ सेनेटरी
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

ट्वाइलेट सफा गराउनुहोस्
तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।
- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।
सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस
सम्पर्कः
सीताराम सफा सेनेटरी
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

# रूपन्देहीमा हराएका १०८ जनामध्ये ६१ जना फेला



बुटवल। रूपन्देही प्रहरीले जिल्लाका विभिन्न स्थानबाट हराएका व्यक्तिको खोजी कार्यलाई उच्च प्राथमिकताका साथ अघि बढाएको छ।

जेठ महिनामा हराएको भनी निवेदन परेका १०८ जनामध्ये ६१ जनालाई फेला पारी परिवारसँग सम्पर्क गराइएको जिल्ला प्रहरी कार्यालय रुपन्देहीले जनाएको छ। प्रहरीका अनुसार त्यस महिनामा हराएकामध्ये ३० बालबालिका, ४८ महिला र ३० पुरुष रहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ।

जिल्ला प्रहरी कार्यालय रुपन्देहीका सूचना अधिकारी कृष्णकुमार चन्दका अनुसार तीमध्ये १८ बालबालिका, २९ महिला र १४ पुरुष फेला परेका थिए।

यस्तै, अघिल्लो आर्थिक वर्षको पुस महिनादेखि खोजीको सूचीमा रहेका थप नौ जनालाई समेत पछिल्लो अवधिमा फेला पारी परिवारको जिम्मा लगाइएको प्रहरीले जनाएको छ। परिवारको जिम्मा लगाइएकामा दुई बालिका, पाँच महिला र दुई पुरुष छन्।

जिल्लामा बेपत्ताको खोजी तथा उद्धारलाई चुस्ततुस्त तुल्याउन थप प्रहरी परिचालन गरिएको र हराएका व्यक्तिको खोजी कार्य निरन्तर जारी रहेको सूचना अधिकारी चन्दले बताए।

# लुम्बिनी प्रदेशको आम्दानी २६ अर्ब नाघ्यो



बुटवल। लुम्बिनी प्रदेशमा चालु आर्थिक वर्षको पहिलो ११ महिनामा आन्तरिक राजस्व संकलनमा सुधार देखिएको छ। प्रदेश सरकारले गत जेठ २५ गतेसम्म पाँच अर्ब १४ करोड ४ लाख आन्तरिक राजस्व संकलन गरेको छ। यो रकम गत आर्थिक वर्षको सोही अवधिको तुलनामा १२ प्रतिशत बढी हो।

आर्थिक मामिला तथा योजनामन्त्री धनेन्द्र कार्कीले प्रदेशसभामा प्रस्तुत गरेको आर्थिक विवरणअनुसार सोही अवधिसम्म प्रदेश सञ्चित कोषमा २६ अर्ब ५७ करोड ७७ लाख दाखिला भएको छ।

संघीय सरकारबाट प्राप्त अनुदान, राजस्व बाँडफाँट र प्रदेशको आन्तरिक स्रोतबाट प्राप्त रकम सो कोषमा समावेश हुने व्यवस्था छ। प्रदेश सरकारले चालु आर्थिक वर्षमा हालसम्म १७ अर्ब ४७ करोड ८२ लाख खर्च गरेको जनाएको छ। यो कूल विनियोजित बजेटको ४४ दशमलव ८५ प्रतिशत हो। उक्त खर्चमध्ये १० अर्ब ११ करोड ९ लाख पुँजीगत तथा सात अर्ब ३६ करोड ७३ लाख चालुतर्फ रहेको मन्त्रालयले जनाएको छ।

प्रदेश सरकारका अनुसार स्थानीय तहलाई वित्तीय हस्तान्तरणअन्तर्गत एक अर्ब ९३ करोड २३ लाख उपलब्ध गराइएकोमध्ये ५६ दशमलव ४२ प्रतिशत खर्च भइसकेको छ।

प्रदेश गौरवको आयोजनाका रूपमा रहेको प्रदेश राजधानी व्यवस्थापन तथा निर्माण कार्यक्रमअन्तर्गत पहिलो चरणको काम सम्पन्न भएको छ। उक्त आयोजनाको भौतिक प्रगति शतप्रतिशत तथा वित्तीय प्रगति ९५ दशमलव ५८ प्रतिशत पुगेको छ। निर्माण सम्पन्न प्रशासनिक भवनबाट गत बैशाख २१ गतेदेखि सेवा सञ्चालन भइरहेको छ। मन्त्री कार्कीका अनुसार चालु आर्थिक वर्षमा प्रदेशको आर्थिक वृद्धिदर दुई दशमलव ८७ प्रतिशत रहने अनुमान गरिएको छ। कृषि क्षेत्रमा अपेक्षित वृद्धि हुन नसक्दा तथा यातायात, सञ्चार र व्यापार क्षेत्रको बिस्तार सुस्त हुँदा आर्थिक वृद्धिदर प्रभावित भएको प्रदेश सरकारले स्पष्ट गरेको छ। अघिल्लो आर्थिक वर्षमा प्रदेशको आर्थिक वृद्धिदर चार दशमलव २७ प्रतिशत रहेको थियो।

प्रदेशको कूल गार्हस्थ्य उत्पादन चालु आर्थिक वर्षमा नौ खर्ब ३७ अर्ब पुग्ने अनुमान गरिएको छ। राष्ट्रिय कूल गार्हस्थ्य उत्पादनमा लुम्बिनी प्रदेशको योगदान १४ दशमलव दुई प्रतिशत रहने प्रक्षेपण गरिएको छ। त्यसैगरी, लुम्बिनी प्रदेशमा विद्युत् पहुँच ९८ दशमलव ६ प्रतिशत र करिब ८० प्रतिशत घरधुरीमा इन्टरनेट सेवा विस्तार भएको अनुमान गरिएको छ। संघीय सरकारबाट प्राप्त वित्तीय समानीकरण अनुदान, सशर्त अनुदान, विशेष अनुदान, समपूरक अनुदान र राजस्व बाँडफाँटमार्फत् प्रदेशको आम्दानीमा उल्लेखनीय योगदान पुगेको आर्थिक विवरणमा उल्लेख गरिएको छ।

# नापतौल उपकरण नवीकरण सेवा तिलोत्तमाका टोल–टोलमा



तिलोत्तमा। तिलोत्तमा नगरपालिका क्षेत्रभित्र व्यवसाय सञ्चालन गर्दै आएका उद्योगी तथा व्यवसायीले प्रयोग गर्ने नापतौलसम्बन्धी उपकरणको नवीकरणलाई सहज बनाउन बिहीबारदेखि विशेष सेवा कार्यक्रम सुरु गरिएको छ।

तिलोत्तमा व्यापार संघको आयोजनामा सञ्चालन भएको कार्यक्रमअन्तर्गत व्यवसायीले प्रयोग गर्दै आएका तराजु, डिजिटल स्केललगायत नापतौलका उपकरणको नवीकरण तथा आवश्यक प्रक्रिया स्थानीय स्तरमै सम्पन्न गरिनेछ। यसका लागि नापतौल कार्यालय बुटवलको प्राविधिक टोली विभिन्न स्थानमा पुगेर सेवा प्रदान गरिरहेको संघले जनाएको छ।

व्यवसायीलाई कार्यालय धाउनुपर्ने झन्झट हटाई सहज, छिटो र प्रभावकारी सेवा उपलब्ध गराउने उद्देश्यले कार्यक्रम सञ्चालन गरिएको हो। संघका अध्यक्ष नेत्रप्रसाद न्यौपानेका अनुसार सेवा तीन दिनसम्म विभिन्न स्थानमा सञ्चालन हुनेछ।

कार्यक्रमको पहिलो दिन बिहीबार शंकरनगरस्थित रेडिसन होटलमा वडा नम्बर १, २, ३ र ४ का व्यवसायीलाई सेवा प्रदान गरिएको छ। त्यसैगरी असार ५ गते कोटिहवा चोकमा वडा नम्बर १३, १४, १५, १६, १७ र १८ का व्यवसायीलाई सेवा दिइनेछ। असार ८ गते तिलोत्तमा व्यापार संघको सभाहलमा वडा नम्बर ५, ६, ७, ८, ९, १०, ११ र १२ सहित छुटेका अन्य वडाका व्यवसायीलाई सेवा उपलब्ध गराइने जनाइएको छ।

बिहान १० बजेदेखि साँझ ५ बजेसम्म सञ्चालन हुने उक्त सेवाबाट नगरभित्रका उद्योगी तथा व्यवसायी लाभान्वित हुने अपेक्षा गरिएको छ। तिलोत्तमा व्यापार संघले सम्बन्धित सबै व्यवसायीलाई तोकिएको मिति, समय र स्थानमा उपस्थित भई सेवाको लाभ लिन आग्रह गरेको छ।

बिहीबार पहिलो दिन संघका अध्यक्ष नेत्रप्रसाद न्यौपाने, संस्थापक अध्यक्ष जेपी कंडेल, निवर्तमान अध्यक्ष बाबुलाल भुसाल, प्रथम उपाध्यक्ष मानबहादुर बर्मा, महासचिव चेतनारायण विश्वकर्मालगायत संघका पदाधिकारी तथा सदस्यहरु एवं चारवटा वडाका विभिन्न व्यवसायीहरुको उल्लेख्य सहभागिता थियो। नापतौल कार्यालय बुटवलका निरीक्षक गुरुप्रसाद पोखरेलले अहिले तिलोत्तमाका विभिन्न वडाहरुमा पुगेर सेवा प्रदान गरिने र बिस्तारै यसलाई अन्य क्षेत्रमा पनि लगिने बताए।

# सामाजिक सञ्जालका भ्रामक विज्ञापन तत्काल हटाउन निर्देशन

बुटवल। सामाजिक सञ्जालमार्फत् प्रकाशन तथा प्रसारण भइरहेका आधारहीन एवं भ्रामक विज्ञापन तत्काल हटाउन विज्ञापन बोर्डले निर्देशन दिएको छ। साथै, यस्ता विज्ञापन प्रसारण गरेको भेटिएमा कडा कानुनी कारबाही गरिनेसमेत बोर्डले जनाएको छ।

सामाजिक सञ्जालमार्फत् भइरहेका भ्रामक तथा झुट्टा विज्ञापनमाथि कारबाही प्रक्रिया अगाडि बढाउन सूचना तथा सञ्चारमन्त्री डा. विक्रम तिमिल्सिनाले सम्बन्धित निकायलाई निर्देशनसमेत दिएका छन्।

सञ्चार मन्त्रालयको चासोपछि विज्ञापन बोर्डले बिहीबार सार्वजनिक सूचना जारी गर्दै प्रचलित कानुनले निषेध गरेका, आवश्यक लेबलिङ, ब्रान्डिङ तथा आधिकारिक प्रमाणीकरण नभएका औषधिजन्य पदार्थ तथा सामग्रीको विज्ञापन सामाजिक सञ्जालमा बढ्दै गएको भन्दै त्यस्ता गतिविधि तत्काल रोक्न निर्देशन दिएको हो।

बोर्डका प्रमुख प्रशासकीय अधिकृत देवी पाण्डे खत्रीका अनुसार सामाजिक सञ्जालमार्फत् विभिन्न औषधिजन्य सामग्रीको भ्रामक प्रचार-प्रसार गरी सर्वसाधारणलाई भ्रममा पार्ने, ठगी गर्ने तथा जनस्वास्थ्यसँग प्रत्यक्ष सरोकार राख्ने आधारभूत मापदण्डसमेत उल्लङ्घन भएको विषयमा उजुरीहरू परेका छन्। यस्ता विज्ञापनले उपभोक्ताको स्वास्थ्यमा प्रतिकूल असर पर्नुका साथै झुट्टा दाबीका आधारमा आर्थिक ठगीसमेत हुने जोखिम बढाएको बोर्डको निष्कर्ष छ।

बोर्डले विशेष गरी कपाल उमार्ने, कपाल लामो वा बाक्लो बनाउने, हड्डी तथा नसासम्बन्धी पीडा निको पार्ने, शरीरको बोसो घटाउने, मिर्गौला सफा गर्ने र शरीरका विषाक्त पदार्थ हटाउनेलगायतका दाबी गरिएका औषधिजन्य पदार्थ तथा अन्य समान प्रकृतिका सामग्रीको प्रचार सामाजिक सञ्जालमार्फत् व्यापक रूपमा भइरहेको जनाएको छ। यस्ता सामग्रीको प्रभावकारिताबारे वैज्ञानिक आधार, आधिकारिक स्वीकृति वा आवश्यक प्रमाणीकरणबिना आकर्षक प्रचार सामग्री तयार गरी सर्वसाधारणलाई भ्रमित बनाउने कार्य बढ्दो क्रममा रहेको बोर्डले उल्लेख गरेको छ।

सूचनामा विज्ञापन (नियमन गर्ने) ऐन, २०७६ को दफा ५ तथा अन्य प्रचलित कानुनविपरीत कुनै पनि विज्ञापन प्रकाशन वा प्रसारण नगर्न तथा नगराउन सम्बन्धित विज्ञापनदाता, विज्ञापन एजेन्सी, सामग्री उत्पादक, विक्रेता, डिजिटल प्लेटफर्म सञ्चालक तथा सामाजिक सञ्जाल प्रयोगकर्तासहित सबै पक्षलाई सचेत गराइएको छ। कानुनविपरीतका विज्ञापनले उपभोक्ताको स्वास्थ्य, सुरक्षा तथा आर्थिक हितमा प्रतिकूल असर पुऱ्याउने भएकाले त्यस्ता गतिविधिमा संलग्न नहुनसमेत बोर्डले आग्रह गरेको छ।

# ७७ फरार प्रतिवादी पक्राउ

नेपालगञ्ज। प्रहरीले बाँकेमा एक महिनाको अवधिमा ७७ जना फरार प्रतिवादीलाई पक्राउ गरेको छ। अदालतबाट कैद तथा आर्थिक जरिवाना भई फरार रहेका प्रतिवादीमध्ये खोज तलासका क्रममा गत जेठ महिनामा ७७ जनालाई पक्राउ गरी अदालतमा पेस गरिएको जिल्ला प्रहरी कार्यालय, बाँकेका प्रहरी नायब उपरीक्षक प्रतितसिंह राठौरले जानकारी दिए।

उनका अनुसार पक्राउ गरिएका फरार प्रतिवादीबाट रु एक करोड ५९ लाख २३ हजार २७४ जरिवानासमेत असुल गरिने भएको छ।

प्रतिवादीबाट १४ वर्ष एकमहिना तीन दिनको कैद भुक्तानी गराइने राठौरको भनाइ छ। अदालतले सजाय तोके पनि लामो समयदेखि फरार रहेका व्यक्तिलाई पक्राउ गरी कानुनी दायरामा ल्याउने सरकारको नीतिअनुसार लुकेर बसेका प्रतिवादीलाई पक्राउ गरी अदालतमा बुझाइएको उनले बताए।

केही वर्षदेखि जिल्लामा निरन्तर रुपमा चलिरहेको फरारलाई पक्राउ गर्ने अभियानअन्तर्गत हरेक महिनामा २५ देखि ८० जना हाराहारीमा फरारलाई पक्राउ गर्ने कार्य भइरहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ।

अदालतबाट फैसला भएर सजाय तथा जरिवाना पाएकाले अझै पनि आफैँ अदालतसमक्ष पुगेर अदालतको फैसलाको सम्मान नगरेको हुँदा उनीहरूको खोजी भइरहेको छ।

फरार प्रतिवादी खोजीका लागि विशेष टोली नै गठन गरेर उनीहरूको खोजी कार्य नियमित रुपमा भइरहेको बताइन्छ। जेठ महिनामा कुल १५९ वटा मुद्दा दर्ता गरिएकामा जघन्य अपराधका १४, गम्भीर अपराधका ५२ र बाँकी सामान्य अपराधका मुद्दा रहेका थिए।

यीमध्ये महिला तथा बालबालिकासम्बन्धी १३ र ज्येष्ठ नागरिकसम्बन्धी १४ तथा आर्थिक अपराधसम्बन्धी ३४ मुद्दा रहेका छन्।

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
अघाखाँची
नामथर र जन्ममिति प्रमाणित गरिएको सम्बन्धमा।
सूचना प्रकाशित मिति:– २०८३।०३।०५

जो जससंग सम्बन्ध छ।

प्रस्तुत विषयमा जिल्ला अर्घाखाँची साविक अङ्गुरी गा.वि.स. वडा नं. ९ हाल पाणिनी गाउँपालिका वडा नं. ७ बस्ने आत्म बहादुर टण्डन क्षेत्रीको नेपाली नागरिकताको प्रमाणपत्रमा नामथर आत्म बहादुर टण्डन क्षेत्री, जन्ममिति २००६/०४/१४ (29-07-1949) भएको र भारतीय पेन्सन अभिलेख (Reg. No. 5446114 M) मा नामथर ATAMA BAHADUR, जन्ममिति 15-07-1956 भई फरक परेकोले पेन्सन प्रयोजनको लागि उल्लेखित दुवै नामथर र जन्ममिति गरेको व्यक्ति एउटै भएको साथै निजको श्रीमती चुमकला टण्डन क्षेत्रीको नेपाली नागरिकताको प्रमाणपत्रमा नामथर चुमकला टण्डन क्षेत्री, जन्ममिति २०२०/०६/१२ (28-09-1963) भएको र श्रीमानको भारतीय पेन्सन अभिलेख भारतीय पेन्सन अभिलेख (Reg. No. 5446114 M) मा श्रीमतीको नामथर CHIM KALA CHHETRI, जन्ममिति 1967 भई फरक परेकोले पेन्सन प्रयोजनको लागि उल्लेखित दुवै नामथर र जन्ममिति गरेको व्यक्ति एउटै भएको व्यहोरा प्रमाणित गरी पाउँ भनी यस कार्यालयमा पेश गरेको निवेदन, नेपाली नागरिकताको प्रमाणपत्र, भारतीय पेन्सन अभिलेखको प्रतिलिपि, जिल्ला प्रहरी कार्यालय अर्घाखाँचीको च.नं. २१८६, मिति २०८०/१०/१५ को स्थलगत मुचुल्का पत्र एवं पाणिनी गाउँपालिका ७ नं. वडा कार्यालयको प.सं. २०८०/८१, च.नं. ३७९, मिति २०८०/१०/०८ को पत्रबाट सिफारिस भई आएकोले सोही व्यहोरा फोटो सहित प्रमाणित गरिन्छ।



प्रमुख जिल्ला अधिकारी

आकर्षक डिजाइन तथा छपाई

सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस् !

आइडिया
डिजाइनर्स/अफसेट प्रेस

सम्पर्क:
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोन:-०७१-५५०२९३ मो.
९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

सडक दुर्घटनाबाट बचौं र बचाऔं

- सवारी साधन चलाउँदा सावधानी अपनाऔं,
- तीव्र गतिमा सवारी साधन नचलाऔं, ट्राफिक नियम पालना गरौं,
- जोखिमपूर्ण सडकमा सवारी चलाउँदा विशेष ध्यान दिऔं,
- मद्यपान तथा लागु पदार्थ सेवन गरेर सवारी साधन नचलाऔं,
- सवारी चालकले मद्यपान तथा लागु पदार्थ सेवन गरेको शंका लागेमा तत्काल प्रहरीलाई खवर
- पैदल यात्रुले बाटो काट्दा जेब्राक्रस वा आकाशे पुलको प्रयोग गरौं,
- सवारी चालकले सिटबेल्ट, हेलमेट अनिवार्य प्रयोग गरौं,
- सवारी साधन नियमितरुपमा मर्मतसम्भार गरौं।
- दुर्घटना भएमा तुरुन्त प्रहरी र अस्पतालमा सम्पर्क गरौं।

सावधानी अपनाऔं, बचौं र बचाऔं।

नेपाल सरकार विज्ञापन बोर्ड




सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com